# अनुसूचीः दुई

## पुष्पलाल राष्ट्रिय पुरस्कार : मापदण्ड तथा कार्यविधि

१. **पृष्ठभूमि**

हरेक राष्ट्रको विकास र समृद्धिमा राजनेता एवम् राजनीतिक व्यक्तित्वहरूबाट महत्वपूर्ण योगदान भएको हुन्छ। राष्ट्रको विकास, समृद्धि र सम्वर्धनका निम्ति विभिन्न क्षेत्रबाट भएका योगदानहरूको उच्च मूल्याङ्कन गर्नु र योगदान गर्नेहरूका नाममा विभिन्न प्रकारका पुरस्कारको स्थापना गर्ने लगायतका कार्यहरू मार्फत योगदानको कदर र योगदानकर्ताको सम्मान गर्नु सम्बन्धित राज्यको दायित्वभित्र पर्दछ।

यसै सन्दर्भमा नेपाल सरकारको आ.व. २०६८/६९ को नीति तथा कार्यक्रमले सो विषयलाई सम्बोधन गर्दै सो वर्षको बजेट वक्तव्यमा 'पुष्पलाल राष्ट्रिय पुरस्कार' प्रदान गर्ने व्यवस्था गरेको छ। सो प्रयोजनका लागि नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०६८/११/२९ को निर्णयानुसार पुरस्कार प्रदान गरिने क्षेत्र, पुरस्कारको नाम र मापदण्ड निर्धारण तथा पुरस्कार प्रदान गर्ने कार्यविधि तर्जुमा गर्नका लागि गठित समितिको बैठकमा छलफल गरी यो मापदण्ड तथा कार्यविधि तयार गरिएको र नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०६९/१२/१९ मा स्वीकृती भई लागु गरिएको छ।

२. **पुरस्कारको नाम र घोषणा :**

क) यस पुरस्कारको नाम 'पुष्पलाल राष्ट्रिय पुरस्कार' रहने छ।
ख) यस पुरस्कारको घोषणा आर्थिक वर्षभित्र गरी प्रदान गरिनेछ।

३. **पुरस्कारका विषयगत क्षेत्रहरू :**

यो पुरस्कार हरेक वर्ष नेपालको राजनीतिक आन्दोलन तथा सैद्धान्तिक/राजनीतिक खोज अनुसन्धान र लेखन कार्यमा लागेका व्यक्ति वा संस्था र नेपाली समाजको इतिहास, नेपालका राजनीतिक आन्दोलनहरूको इतिहास, नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास, साहित्य-संस्कृति र विज्ञान तथा प्रविधि क्षेत्रको खोज अनुसन्धानमा लागेका जम्मा तीन जनालाई प्रदान गरिनेछ। यस पुरस्कारसँग सम्बन्धित विषयगत क्षेत्र निम्न प्रकार हुनेछन् :



Scanned with CamScanner

**क) राजनीतिक/सैद्धान्तिक :**

मुलुकमा प्रगतिशील राजनीतिक परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदान तथा पुष्पलालले अगाडि सारेका राजनीतिक सिद्धान्त एवम् कार्यक्रमहरूको कार्यान्वयनका निम्ति विशेष योगदान एवम् सहयोग र राजनीतिकशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, अर्थशास्त्र विषयमा खोज अनुसन्धान र लेखन कार्य मार्फत नेपाली समाजको प्रगतिशील परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदानहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

**ख) इतिहास :**

नेपाली समाजको इतिहास, नेपालका राजनीतिक आन्दोलनहरूको इतिहास र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास सम्बन्धी खोज अनुसन्धान र लेखन कार्यमार्फत गरिएका योगदानहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

**ग) साहित्य, संस्कृति र विज्ञान :**

प्रगतिशील साहित्य सिर्जना र नेपाली समाजका सांस्कृतिक पक्षको खोज अनुसन्धान तथा लेखन र विज्ञान प्रविधिको क्षेत्रमा गरिएका खोज अनुसन्धान एवम् लेखन कार्यहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

## ४. पुरस्कारका चयनका आधार तथा विधि

क) पुष्पलाल राष्ट्रिय पुरस्कार प्रदान गर्नका निम्ति व्यक्ति वा संस्थाको नाम चयन गरी सिफारिस गर्न प्रत्येक वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पुष्पलाल स्मृति प्रतिष्ठानको सहमतिबाट 'पुष्पलाल राष्ट्रिय पुरस्कार चयन समिति' गठन गरिने छ। यस समितिले उपर्युक्त ३ (तीन) वटा विषयगत क्षेत्रबाट वरिष्ठतम् र विशिष्ट योगदान गर्ने व्यक्ति वा संस्थाको नाम चयन गरी पुरस्कारका निम्ति शिफारिस गर्नेछ। यस क्रममा सो समितिले पुरस्कार प्रदान गर्नका निम्ति प्राप्त सिफारिस तथा आवेदनहरूलाई पनि जानकारीमा लिनेछ ।

ख) बुँदा नं. ४ (क) बमोजिम गठन हुने चयन समिति पुरस्कृत गरिने विषय क्षेत्रगत विज्ञताको प्रतिनिधित्व हुने गरी संयोजक सहित बढीमा ५ सदस्यीय हुनेछ ।

ग) उपर्युक्त प्रत्येक विषयक्षेत्रसँग सम्बद्ध व्यक्ति वरिष्ठ, विशिष्ट, सिर्जनात्मक योगदान गरेको र आफ्नो विषयक्षेत्रमा दिएको



Scanned with CamScanner

योगदानद्वारा नेपाली समाजमा प्रतिष्ठा आर्जन गरेको हुनुपर्नेछ। यस्तो व्यक्ति नेपाली वा गैर नेपाली नागरिक पनि हुन सक्नेछ। यो पुरस्कार मरणोप्रान्त पनि प्रदान गर्न सकिनेछ। खोज अनुसन्धानका निम्ति पुरस्कार प्रदान गरिने व्यक्तिका कृतिहरू प्रकाशित भएको हुनुपर्नेछ।

घ) खोज अनुसन्धानका निम्ति पुरस्कार प्रदान गरिने व्यक्ति छनौट गर्दा कृतिका अतिरिक्त वरिष्ठता र गुणस्तरलाई मुख्य आधार मान्नु पर्नेछ।

ङ) पुरस्कार प्राप्त गर्न योग्य व्यक्ति वा संस्थाको नाम चयन गर्ने सिलसिलामा व्यक्तिगत विवरण सहित सिफारिस गर्नका लागि सार्वजनिक सूचना जारी गरिनेछ। इच्छुक व्यक्ति वा संस्था स्वयम्ले पनि पुरस्कारका निम्ति आफ्नो विवरण सहित आवेदन दिन सक्नेछन्।

च) पुरस्कारका निम्ति नाम सिफारिस गर्दा चयन समितिले स्पष्ट आधार दिई सिफारिस गरेको हुनुपर्नेछ र सो सिफारिस बमोजिम नै पुरस्कार घोषणा गरिनेछ।

छ) तीनवटा विषयगत क्षेत्रमा प्रदान गरिने पुरस्कारको राशि अर्को निर्णय नभएसम्मका लागि प्रत्येक विषयगत क्षेत्रका निम्ति रू.१,००,०००/- (रू. एकलाख मात्र) कायम गरिएको छ। पुरस्कृत व्यक्ति वा संस्थालाई पुरस्कारको रकमका साथै सम्मान-पत्र समेत प्रदान गरिनेछ।

ज) प्रत्येक पुरस्कार एक भन्दा बढी व्यक्ति वा संस्थालाई संयुक्त रूपमा पनि प्रदान गर्न सकिन्छ।

झ) पुरस्कार चयन समितिबाट कुनै विषय क्षेत्रमा पुरस्कार प्रदान गर्न योग्य व्यक्ति वा संस्था चयन हुन नसकेको अवस्थामा सो विषय क्षेत्रको पुरस्कार त्यस वर्ष प्रदान गरिने छैन।

ञ) माथि उल्लेख भएको मापदण्ड तथा कार्यविधिसँग नबाझिने गरी परिआएका बाधा अड्चन सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णय अन्तिम हुनेछ।



Scanned with CamScanner